कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल
सम्पर्क नं.:०८३-५२३६७२

## प्रस्तावना पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१२

यस मन्त्रालयको आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम कर्णाली प्रदेश युवा प्रतिभा पहिचान कार्यक्रम रहेकोले सो कार्यक्रममा सहभागी हुन इच्छुक कर्णाली प्रदेशमा स्थायी बसोबास गर्ने १६-४० वर्षका युवा वा युवाहरुको समूहले तपसिलमा उल्लेख भएका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र सामाजिक विकास मन्त्रालयमा स्वयम् उपस्थित भई वा मन्त्रालयको इमेल ठेगाना ysd.mosdkarnali@gmail.com मा प्रस्तावना पठाउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

(क) कर्णाली प्रदेश युवा प्रतिभा पहिचान कार्यक्रम कार्यान्वयन मापदण्ड २०८२, को अनुसूची १ बमोजिमको निवेदन,

(ख) व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) अन्य प्रदेशबाट आएका व्यक्तिकोहकमा नियमानुसारको बसाइँसराइँ दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) समूहको हकमा प्रचलित कानून बमोजिम स्थानीय तहमा वा अन्य कुनै निकायमा नियमानुसार दर्ता वा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) प्रतिभा दावी गर्नका लागि पेश गरेको उत्कृष्ट ख्याती प्राप्त आफै वा आफ्नो समूहको मौलिक सिर्जना हो भन्ने पुष्ट्याई गर्ने आधार वा प्रमाण,

(च) आफ्नो प्रतिभा पुष्टि गर्ने कुनै प्रतिवेदन, श्रव्यदृष्य सामग्री, भिडियो डकुमेन्ट्री वा अन्य सम्बन्धित प्रमाण भए सो,

(छ) स्थानीय, प्रादेशिक, राष्ट्रिय वा अन्तराष्ट्रियस्तरको प्रतिभा वा सिर्जनात्मक प्रतियोगितामा सहभागी भई विजयी भएको भए सोको प्रमाणपत्र वा प्रशंसापत्रको प्रतिलिपि,

(ज) बैङ्क खाता र सोको विवरण,

(झ) अनुसूची-२ बमोजिमको स्वघोषणापत्र।